लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा, मकवानपुर

## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना ।

**सूचना नं. ०२/०८२-८३ , मिति २०८२/०४/११**

लोक सेवा आयोग, हेटौंडा कार्यालयले सञ्चालन गर्ने नेपाली सेनाको मिति २०८१/१२/२९ गते प्रकाशित **विज्ञापन नं. ०८१/८२/९१ (खुला तथा समावेशी),** सैन्य पदमा **श्री नयाँ सबुज गण, भरतपुर ब्यारेक, चितवनबाट** लिखित परीक्षाका लागि छनौट भएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**उम्मेदवारहरूको बायोमेट्रिक हाजिरी हुने भएकाले परीक्षा शुरु हुनुभन्दा कम्तिमा २ (दुई) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ ।** परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्यमा उल्लेख गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|
| अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान | बस्तुगत तथा विषयगत | २०८२/०४/३१ गते<br>बिहान ११:०० बजे | (२ घण्टा ३० मिनेट) |

**परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|
| १ | MDJ ०२ देखि MDJ ५९२ सम्म | १७४ | श्री नारायणी नमुना माध्यमिक विद्यालय, भरतपुर, चितवन |

**द्रष्टव्य :**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन । साथै परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

ग) परीक्षा भवनमा मोबाइल तथा विद्युतीय सामाग्री निषेध गरिएको छ । परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

ङ) उम्मेदवारलाई तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।

च) वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(सुरेश साह)
कम्प्युटर अपरेटर

(बद्रीनाथ सापकोटा)
शाखा अधिकृत

(केशव शर्मा)
उप सचिव

वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२, ५२६८२२ इमेल: hetauda@psc.gov.np